# घोराही उप-महानगरपालिका

## पाँचौ नगर सभा

# नीति तथा कार्यक्रम

(आ.व. २०७६/०७७)

घोराही उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
५ नं. प्रदेश, नेपाल, दाङ

नगर सभाका सदस्यज्यूहरु,

१. यस गरिमामय पाचौं नगरसभा समक्ष घोराही उपमहानगरपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुती गरेको छु।

२. यस अवसरमा सर्वप्रथम लोकतन्त्रको बहाली, नागरिक अधिकारको स्थापना, स्वतन्त्रताको उपभोग र समाजको आमूल परिवर्तनका लागि आफ्नो जीवन बलिदान गर्नु हुने ज्ञात अज्ञात शहिदहरुप्रति म उच्च श्रद्धाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते योद्धाहरु तथा बेपत्ता नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु। मुलुकको राजनीतिलाई संघीय लोकतान्त्रिक गणतन्त्रको यस स्वरुपमा ल्याउन महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण अग्रज योद्धाहरुमा हार्दिक सम्मान व्यक्त गर्दछु।

३. यसै आर्थिक वर्षमा घोराही उपमहानगरपालिका वडा नं. १६का लोकप्रिय जनप्रतिनिधि वडा अध्यक्ष स्व. लछिन प्रसाद बुढाको दुखद निधनबाट हामीलाई अपूरणीय क्षती भएको छ । म उहाँ प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु।

४. नगर स्थापना कालदेखि नगर निर्माणको विभिन्न समयमा योगदान पुर्याउनु हुने सबै अग्रज व्यक्तित्वहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

**नगर सभाका सदस्यज्यूहरु,**

५. हामीले जिम्मेवारी सम्हालेको दुई वर्ष व्यतित हुँदै गर्दा उपमहानगरपालिकाको संरचनागत तथा संस्थागत विकासमा टेवा पुर्याउने गरी आधारहरु तय भएका छन। निर्वाचित पदाधिकारी एंव कर्मचारीहरुको अथक प्रयासबाट उपमहानगरलाई आवश्यक पर्ने कानूनको निर्माण, योजना छनौट तथा कार्यान्वयनको स्पष्ट कार्यदिशाको तय, विषयगत महाशाखा/शाखा बिचको आपसी समन्वय र सहकार्यबाट गरिदै आएको सेवा प्रवाह लगायतका काम कारवाहीबाट थप उत्साहित हुँदै हामीलाई अगाडी बढ्न प्रेरणा मिलेको छ ।

**नगर सभाका सदस्यज्यूहरु,**

६. अब म आर्थिक वर्ष २०७५।०७६मा अघि बढाइएका निति तथा कार्यक्रमको उपलब्धीको बारेमा संक्षेपमा चर्चा गर्न चाहन्छु।

७. यस अवधी सम्म आइपुग्दा विभिन्न क्षेत्रगत २३ वटा कानूनहरु निर्माण भएको म यस गरिमामय सभा समक्ष जानकारी गराउदछु। कानून निर्माणको यस उपलब्धीले हामीलाई सेवा प्रवाह र जिम्मेवारी निर्वाह गर्ने क्रममा सुस्पष्ट मार्ग प्रशस्त गरेको छ । विविध अप्ठ्यारा एवं व्यवधानका बिच ऐन कानून निर्माण गर्ने सवालमा देखिएको यस उपलब्धी प्रति म सभाका सबै सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु।

८. घोराही उपमहानगरपालिकाको वस्तुगत विवरण सहितको नगर पार्श्वचित्र निर्माण गर्ने कार्य यसै आर्थिक वर्षमा सम्पन्न भएको छ। यसबाट नगरको समग्र आर्थिक, सामाजिक, जनसांख्यिक, भौगोलिक आदिको यथार्थपरक विवरण आउने भई वास्तविकतामा आधारित योजना तर्जुमा प्रक्रियामा सघाउ पुग्ने विश्वास लिएको छु।

९. आर्थिक वर्ष २०७५।०७६मा ११ किलोमिटर सडक कालोपत्रे,१५.२५ किलोमीटर सडक ग्राभेल,१९ वटा थप नयाँ सिँचाइ सम्वन्धि संरचनाहरु, १३ वटा सार्वजनिक भवन निर्माण, ३८ वटा थप नयाँ सडक निर्माण, ३ वटा थप जलाशय निर्माण, १६ वटा खानेपानी योजनाहरु सम्पन्न भएका छन । वडा नं. १, १८, र १९को वडा कार्यालय भवन निर्माण सम्बन्धी कामहरु निर्माणाधीन अवस्थामा छन ।त्यसै गरि मोटरबाटोको पंहुचबाट टाढा रहेको वडा नं. १९ को सैघा र वडा नं. २ को चाक्लिघाटमा यसै वर्ष मोटरबाटो पुर्याउने काम सम्पन्न भएको छ ।यसबाट उपर्युक्त स्थानका जनताको उपमहानगरपालिकाको केन्द्र संग प्रत्यक्ष सम्बन्ध कायम भई आर्थिक सामाजिक विकासमा टेवा पुग्ने कुरामा विश्वस्त छु ।

१०. सिंचाई सुविधाबाट वन्चित कृषि क्षेत्रमा सिंचाई पुर्याउने उद्देश्यका साथ ५ वटा डिप बोरिङको निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न भएको जानकारी गराउँदछु।क्रिकेट मैदान,बधशाला, रंगशाला र लखन पार्कको डि.पि.आर.को निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न भएको छ ।

११. राजश्व प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा १७ वटा वडा कार्यालयहरुमा कर संकलन काउन्टरहरुको स्थापना गरिएको छ । यसबाट राजश्व संकलन कार्यमा प्रभावकारिता आउनुका साथै सेवाग्राहीलाई आफ्नै वडामा राजश्व बुझाउने सुविधा प्राप्त भएको यस गरिमामय सभामा जानकारी गराउँदछु ।

१२. विद्युतीय सुशासनको अवधारणा अनुसार अनलाईन व्यक्तिगत घटना दर्ता हाल सम्म १२ वटा वडा कार्यालयहरुमा विस्तार गरिएको छ ।

१३. सघन सहरी विकास कार्यक्रम अन्तर्गत विभिन्न ९ वटा सडकको ४२ किलोमिटर कालोपत्रे आयोजना कार्यक्रमहरु संचालनमा रहेका छन ।

१४. जमिनको उपयुक्त प्रयोग सुनिश्चित गर्न कृषि क्षेत्र र आवासीय क्षेत्र तोकी जग्गाको वर्गिकरण गरिएको छ।व्यवस्थित वस्ती विकासको लागि घडेरीको न्यूनतम मापदण्ड (८ धुर क्षेत्रफल र मोहडा ८ मिटर ) तोकिएको छ ।

१५. शिवपुर, हरिद्वार, हात्तीखर्क र आन्द्रभरैयामा चालु आ.व.मा थप स्वास्थ्य चौकी निर्माण गरि नागरिकको आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने संवैधानिक अधिकारको प्रत्याभुती गरिएको छ।

१६. गल्ने फोहोर व्यवस्थापन अन्तर्गत नेपाल उर्जा विकास कम्पनी प्रा.ली. र यस कार्यालय बीच बायोग्यास प्लान्ट निर्माणका लागि सम्झौता गरि कार्य अगाडी बढेको छ ।प्लास्टिक र सिसाजन्य फोहोर व्यवस्थापनका लागि ल्यान्डफिल साइटमा सेड निर्माण गरि व्यवस्थापन गर्ने कार्य अगाडी बढाइएको छ।

१७. घोराही उप-महानगरपालिकामा निर्माण भएका तर विविध कारणले नक्सा पास गर्न छुट भएका भौतिक संरचनाहरुलाई कानुनी दायरामा ल्याउन यसै आर्थिक वर्षमा कार्यविधी निर्माण गरि अभिलेखिकरणको प्रक्रिया अगाडी बढाइएको छ ।

१८. समाजमा हुने विवाद, मनमुटाव, झैझगडा, लेनदेन, पारिवारिक कलह आदि समस्याहरुलाई दुईपक्षीय छलफल र मेलमिलापको माध्यमबाट विवाद समाधान गर्ने उद्देश्यका साथ गठन भएको न्यायिक समितिमा

चालु आ.व.मा परेका १७२ विवादका मुद्दाहरु मध्ये ८३ वटा मुद्दा फछ्र्यौट भई नागरिकलाई स्थानीय सरकारबाट नै win-win situation मा न्याय प्राप्त हुन्छ भन्ने कुराको अनुभुती दिलाउन उपमहानगरपालिका सफल भएको छ ।

१९. उपर्युक्त मुख्य-मुख्य उपलब्धीहरुको आँकडाले हामीमा हौसला थपेको छ। यसका लागि हामीले अघि सारेका राम्रा नीति तथा कार्यक्रमहरुलाई निरन्तरता दिदै अब म घोराही उपमहानगरपालिकाका जनताको बृहत्तर हित र समुन्नति एवं घोराही उपमहानगरपालिकाको समृद्धिको लक्ष्यलाई ध्यानमा राखी तयार पारिएको आ.व. २०७६/७७ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

## पूर्वाधार विकास

२०. घोराही उप-महानगरपालिकाको नयाँ प्रशासनिक भवन निर्माणका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरि कार्य अगाडि बढाइनेछ ।उपमहानगरपालिकाको कार्यालय परिसरमा रहेको बगैचाको सौन्दर्यीकरण गर्न पानी फोहोरा (Water Fountain) निर्माण गरिनेछ । हाल संचालनमा रहेको सभाहल मर्मत सम्भार गरिनेछ।

२१. हाल निर्माणाधिन वडा कार्यालय भवनहरुलाई सम्पन्न गरिनेछ ।वडा कार्यालय भवन नभएका वडा नं. ३, ११,१३, र १५ वडा कार्यालयका लागि नयाँ भवन निर्माण गरिनेछ।

२२. घोराही-१४ मा रहेको लखन पार्कलाई अत्याधुनिक र नमुना पार्कमा रुपान्तरण गर्न विस्तृत आयोजना प्रतिवेदन अनुसार संघ र प्रदेश सरकारको समन्वयमा बजेट बिनियोजन गरी कार्य अगाडि बढाइनेछ।

२३. घोराही उप-महानगरपालिकाको केन्द्रबाट वडा केन्द्रहरुलाई जोड्ने एक एक वटा सडकहरु छनोट गरी कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२४. घोराही उप-महानगरपालिका भित्र कृत्रिम जलाशय निर्माण गर्न सम्भाब्य स्थानहरुको सम्भाब्यता अध्ययन गरि कृत्रिम जलाशय निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सिंचाइ सुविधा नभएका कृषि क्षेत्रहरुमा डिप बोरिङको निर्माण, साना पोखरी निर्माण, फोहोरा सिंचाइ र थोपा सिंचाइ प्रणालीलाई प्राथमिकता साथ अगाडि बढाइनेछ।

२५. पश्चिम करमटिया देखि सौडियार, राजपुर, घुस्रा, लखुवार, बेरुवागाँउ, गुरुवागाँउ हुदै पूर्वमा कुइरेपानी निस्कने तल्लो दामोदर सडक र वडा नं. ५ रज्जेमनामेबाट रिहार जोड्ने सडक खण्डको घोराही क्षेत्र भित्र पर्ने बाटोको ट्र्याक खोल्ने कार्यलाई संघ र प्रदेश सरकारको सहकार्यमा कार्य अगाडी बढाइनेछ।

२६. घोराही उप-महानगरपलिकाको सबै वडामा स्वच्छ खानेपानी उपलब्ध गराउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरि कार्यक्रम अगाडि बढाइनेछ ।

२७. घोराही उप-महानगरपालिका भित्र उपयुक्त स्थानमा पिकनिक स्थल निर्माण गर्न संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा सम्भाब्यता अध्ययन गरि कार्य अगाडि बढाइनेछ।

२८. घोराही उप-महानगरपालिकाको आवश्यक स्थानमा यात्रु प्रतिक्षालय निर्माण गरिनेछ।

२९. बधशाला निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३०. लघु, घरेलु तथा साना व्यवसायीहरुबाट उत्पादन हुने सामानहरु समूहगत रुपमा एकै थलोमा उत्पादन गरि सोही स्थलबाट नै बिक्री वितरण गर्ने व्यवस्था मिलाई बजार प्रवर्धन गर्न रामपुर, घोराही बजार केन्द्र र नारायणपुरमा एक-एक वटा साझा सुविधा केन्द्रको स्थापना गरिनेछ।

३१. सहर भित्रका प्रमुख क्षेत्रहरुमा पर्ने सडकहरुलाई नियमित मर्मत सम्भार गरिनेछ । ग्रामिण सडकहरुलाई जुन सुकै समयमा पनि यातायात संचालन योग्य बनाउन पुल तथा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ ।

३२. घोराही उप-महानगरपालिकाको मुख्य बजार क्षेत्रहरुमा बढ्दै गइरहेको ध्वनी, वायु प्रदुषणलाई कम गर्न, सडक दुर्घटना न्यूनीकरण तथा यात्रु आवगमनलाई व्यवस्थित गर्न ठूला सवारी साधनहरु(ट्रक, मिनिट्रक, ट्र्याक्टर, ट्रिपर आदि)को आवागमनका लागि बैकल्पिक मार्गको सम्भाव्यता अध्ययन गरी कार्य अगाडि बढाइनेछ।

३३. नगर क्षेत्रको प्रमुख स्थानहरुमा निजि क्षेत्रको सहकार्यमा सोलार बत्ती जडान, ट्राफिक पोष्ट निर्माण तथा गार्डेन निर्माण गरि डिजिटल विज्ञापन सेवा दिने व्यवस्था गरिनेछ।

३४. विद्युतबाट बञ्चित रहेको दुर्गम ग्रामिण बस्तिहरुमा विद्युत लाईन जोड्ने कार्यलाई निरन्तरता दिइनेछ।

३५. **'एक वडा एक खेल मैदान'** कार्यक्रमलाई निरन्तरता दिइनेछ । घोराही-१७ मा रहेको क्रिकेट मैदानलाई अत्याधुनिक र सुविधा सम्पन्न बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

३६. संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा वडाका विभिन्न स्थानमा एकिकृत नमुना वस्ति निर्माण कार्य अगाडि बढाइनेछ ।

३७. संघीय सरकारको सहकार्यमा प्रादेशिक बिमानस्थल निर्माण कार्यको पहल गरिनेछ ।

३८. नगर क्षेत्र भित्र रहेका ऐलानी तथा सार्वजनिक जग्गाको तथ्याङ्क संकलन गरि सार्वजनिक जग्गाको उचित संरक्षण गरिनेछ।

३९. रु ५ लाख भन्दा माथिका नगरस्तरीय सम्पूर्ण आयोजनाहरु (जलाशय र सिंचाइ बाहेक) ई-बिडिङबाट सम्पन्न गरिनेछ तर ५० प्रतिशत वा सो भन्दा माथि नगद लागत सहभागिताको सुनिश्चतता हुने र उपभोक्ता समितिबाट सम्पन्न गर्न सकिने प्रकृतिका रु एक करोड सम्मका आयोजनाहरु उपभोक्ता समितिबाट प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । तर नगद लागत सहभागिताको सुनिश्चतता आ.व.को पहिलो त्रैमासिक (असोज मसान्त सम्म) अवधि भित्र भईसक्नु पर्नेछ ।

४०. रु एक लाख भन्दा कमका वडा स्तरीय योजनाहरु सम्बन्धित टोल विकास संस्थाको सहकार्यमा समेत सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

४१. वडालाई प्राप्त हुने बजेट सिलिङबाट नै व्यवस्थापन गर्ने गरि वडा स्तरका पूर्वाधार तर्फका मर्मत सम्भार सम्बन्धी कार्य गर्न सम्बन्धित वडाको पूर्वाधार तर्फको बजेटको ५ प्रतिशत रकम छुटाई वडा स्तर मर्मत सम्भार कोष स्थापना गरि संचालनमा ल्याइनेछ।

४२. पुँजीगत बजेटको ३ प्रतिशत कन्टिन्जेन्सी रकम शुरुमा एकमुष्ठ रुपमा कट्टा गरी कन्टिन्जेन्सी शिर्षकमा राखिनेछ । यस्तो रकम कन्टिन्जेन्सी निर्देशिका अनुसार खर्च गरिनेछ।

४३. भौतिक संरचना निर्माण गर्दा बालमैत्री, अपांग मैत्री, जेष्ठ नागरिक मैत्री बनाउन बिशेष ध्यान दिइनेछ।

४४. संघीय सरकार र प्रदेश सरकारको सहकार्यमा औद्योगिक क्षेत्र स्थापना गर्न पहल गरिनेछ ।

४५. सम्पन्न नभएका क्रमागत योजनाहरुलाई सम्पन्न गर्दै लगिनेछ ।

## नगरसभा सदस्यज्यूहरु

### स्वास्थय सेवा

४६. उप-महानगरवासी विशेष गरेर सिकलसेल एनेमिया, थाल्सेमिया र प्रसुती सेवाका विरामीहरुका लागि रगत निःशुल्क प्रदान गर्न नेपाल रेडक्रस सोसाईटीको सहकार्यमा नगर प्रमुख रक्त संचार सेवा संचालन गरिनेछ ।

४७. आमा र शिशुको जीवन रक्षाको लागि उप प्रमुख आमा शिशु सुरक्षा कार्यक्रम लागु गरिने छ ।नियमित गर्भ जाँच र स्वास्थय संस्थामा सुत्केरी गराउन सुरक्षित सुत्केरी अभियान संचालन गरिनेछ ।सुत्केरी सेवा केन्द्र(Birthing Centre)मा काम गर्ने नर्सिङ स्टाफहरुलाई प्रोत्साहित गरिनेछ। सुरक्षित सुत्केरी अभियानलाई प्रोत्साहन गर्न उप-महानगरपालिकाको तर्फबाट आमा खत्रुक्के बचत कार्यक्रम लागु गरि प्रसुती अवस्थामा रु १०००। उपलब्ध गराइनेछ।

४८. उपमहानगरपालिका स्तरीय अस्पताल स्थापनाका लागि संघीय सराकार र प्रदेश सरकार संग समन्वय गरि कार्य अगाडि बढाइनेछ ।

४९. आर्थिक रुपले बिपन्न वर्गका जन समुदायलाई आकस्मिक स्वास्थ्य सेवाको लागि सुबिधायुक्त अस्पताल सम्मको पंहुच विस्तार गर्न उपमहानगरपालिकामा एम्बुलेन्स आकस्मिक कोषको स्थापना गरिनेछ।

५०. नियमित संचालनमा रहेका बाहय खोप केन्द्र गाउँघर क्लिनिकलाई थप सुविधायुक्त गरिदै लगिनेछ ।

५१. आयुर्वेदको विकासमा जोड दिदै अन्य परम्परागत बैकल्पिक चिकित्सा प्रणालीहरुको समुचित प्रयोग गरी स्वास्थ्यको लागि सक्रिय जीवनको नारालाई अगाडी बढाइनेछ । योग शिविरलाई संस्थागत तथा स्वास्थ्यको प्रणालीको सूचकमा ल्याईनेछ ।

५२. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य शिविर उपचार कार्यक्रमलाई निरन्तरता दिइनेछ । स्वास्थ्यकर्मीको ब्यबस्था गरि ७० बर्ष माथिका नागरिकको स्वास्थ्य परिक्षणको लागि घुम्ती टोलीको ब्यबस्था मिलाइने छ ।

५३. मधुमेह तथा मृगौलाको प्रारम्भिक ल्याब परिक्षणको लागि सबै स्वास्थ्य संस्थाहरुमा निःशुल्क जाँच गर्ने व्यबस्था गरिने छ । फोक्सोका दिर्घ रोगीहरुलाई सुंघ्ने औषधी निःशुल्क वितरण गरिनेछ ।

५४. संक्रामक महामारी रोगको प्रभावकारी नियन्त्रण गर्न तल्लो ईकाई सम्म महामारी रोग तथा विपद ब्यवस्थापनको पुर्व तयारी टिम (RRT Commitee) लाई शसक्त बनाइनेछ ।

५५. पोषिलो खानपान र सरसफाईमा लाग्न समुदायलाई परिचालन गरिनेछ । स्वास्थ्यवर्धक खाद्य पदार्थको उत्पादन, प्रयोग र पहुँच लाई विस्तार गरि कुपोषणलाई न्यूनिकरण गर्ने र पोषण सम्बन्धि जनचेतना बढाउने कार्यलाई निरन्तरता दिइनेछ ।

५६. सामाजिक,पारिवारिक घरेलु हिंसा तथा विपदको कारणले हुने घटनाबाट मानसिक सन्तुलन गुमाई घर छोडी सडकमा आएका मानसिक बिरामीहरुको लागि निजि तथा गैर सरकारी संस्थाको सहकार्यमा मानसिक हेरचाह गृहमा पुनःस्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५७. महिला स्वास्थ्य स्वयसेविकाहरुको परिचालनलाई थप प्रभावकारी बनाउन प्रोत्साहनको व्यवस्था गरिनेछ ।

५८. स्वास्थ्य व्यवस्थापन सुचना प्रणालीलाई व्यवस्थित बनाई तथ्यांकहरुको गुणस्तरीय र प्रभावकारी बनाइनेछ।सबै स्वास्थ्य संस्थाहरुमा DHIS-2 क्रमशः लागु गरिनेछ।

५९. सिकलसेल रोग बंशाणूगत रोग भएकोले यसलाई समयमै न्यूनिकरण नगरे बिकराल जन स्वास्थ्य समस्या उत्पन्न हुने भएको हुदाँ समयमै रोग पत्ता लगाई जिन शुद्धिकरणको लागि नियमित सिकलसेलको रक्तजाँच तथा जनचेतना मुलक कार्यक्रम गरिनेछ।

६०. लागु औषध दूर्व्यसनीमा लागेका युवाहरुमा लागु औषध न्युनिकरणको लागि बृहत कार्यक्रम ल्याईनेछ। लागु औषध सम्बन्धी प्रारम्भिक जाँचको ब्यवस्था गरिनेछ।

६१. जन्मजात बिकलाङ्ग न्यूनिकरण गर्न गर्भवती आमाहरुलाइ नियमित निःशुल्क भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ।

६२. आँखा रोगको मोतिया विन्दुको अप्रेशन निशुल्क गर्ने व्यवस्था मिलाइनेछ

## शिक्षा तथा खेलकुद

६३. शून्य शुल्कमा आधारभुत शिक्षा नमुना विद्यालय घोषणा गरि क्रमशः कार्यान्वयनमा ल्याइनेछ ।

६४. थारु भाषाको पाठ्यक्रम तयार गरि कक्षा पाँच सम्म ऐच्छिक विषयका रुपमा थारु भाषाको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

६५. प्रारम्भिक बाल शिक्षा ३ देखि ५ वर्ष उमेर समूहका सवै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अवसर प्रदान गर्न सामुदायिक विद्यालय संरचनाभित्र क्रमशः प्रारम्भिक बालशिक्षा संचालन गरिने छ। नर्सरी, एल केजी र यु के.जी गरी तीन तहमा मन्टेश्वरी विधिबाट प्रारम्भिक बाल शिक्षा संचालन गर्ने व्यवस्था मिलाइनेछ। सोको लागि हालको जनशक्ति विश्लेषण गरि सोको आधारमा आवश्यक व्यवस्था मिलाइनेछ ।

६६. विद्यालय उमेर समूहका सवै बालबालिकाको शिक्षामा पहुँच तथा टिकाउ दर बढाउन भर्ना अभियान, खुल्ला तथा वैकल्पिक शैक्षिक कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, विभिन्न छात्रवृत्ति वितरण आदि कार्यक्रमहरु संचालन गरिनेछ।

६७. आवासीय विद्यालय संचालन,नमूना विद्यालयको विकास तथा संचालन गरिनेछ ।

६८. विद्यार्थी संख्या र सम्भाब्यताको आधारमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

६९. घोराही उपमहानगरपालिका भित्र **'एक वडा एक प्राविधिक विद्यालय स्थापना'** गर्ने नीति लिइनेछ । अन्य आवश्यक संकायहरुको अनुमती तथा कक्षा थप गर्ने सम्बन्धमा बिस्तृत सम्भावना अध्ययन गरि आवश्यकताका आधारमा पहुँच विस्तार गरिनेछ ।

७०. विद्यालय व्यवस्थापन समितिको क्षमता बृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७१. संस्थागत विद्यालयहरुमा अनुगमनको प्रभावकारी व्यवस्था मिलाइनेछ ।

७२. यस उपमहानगरपालिका भित्र संचालित तालिम केन्द्रहरु तथा कोचिङ सेन्टरहरुलाई कानुनी दायरामा ल्याई प्रभावकारी नियमनको व्यवस्था मिलाइनेछ ।

७३. कक्षा ९ देखि नै व्यवसायिक तथा प्राविधिक शिक्षा संचालनमा जोड दिइनेछ ।

७४. प्राविधिक तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरु बिच समन्वय,सहकार्य एवं गुणस्तरका लागि अनुगमन कार्यलाई विशेष जोड दिइनेछ ।

७५. शिक्षक तथा विद्यार्थीको हाजिरीलाई प्रविधि मार्फत तत्काल शिक्षा महाशाखाबाट निरीक्षण गर्न मिल्ने प्रविधिको विकास गरिनेछ ।

७६. विद्यालय, वडास्तर तथा उपमहानगरपालिकाको शैक्षिक प्रशासनिक संरचनालाई थप सदृढ तुल्याइ तथ्यमा आधारित योजना निर्माण,कार्यान्वयन र नतिजामूलक अनुगमन तथा कार्य सम्पादनमा आधारित मूल्यांकन प्रणालीको विकास गरिनेछ ।

७७. शिक्षक दरवन्दी मिलान, विद्यालय गाभ्ने/स्थगन, भौतिक एंव शैक्षिक अवस्थाको स्तरोन्नति, लैङ्गिकमैत्री शौचालय, अपांगमैत्री भवन तथा शौचालय, खानेपानी, विद्यालय घेरावार, गुणस्तरीय रंग रोगन, बालमैत्री फर्निचर आदिलाई प्राथमिकता दिइनेछ ।

७८. शिक्षा महाशाखालाई आवश्यक पर्ने विभिन्न सफ्टवेयरको निर्माण गरि संचालन गरिनेछ ।

७९. विभिन्न किसिमका फरक क्षमता भएका बालबालिकाहरुका लागि निश्चित स्थानमा आवासिय पठन पाठनको व्यवस्था मिलाइनेछ ।

८०. यस उपमहानगरपालिका अन्तर्गत विद्यालयमा शैक्षिक प्रविधिको विकास संगै सामुदायिक विद्यालयहरुमा क्रमशः इ-बुक तथा इ-लाइब्रेरी प्रणालीको विकास गरिनेछ।

८१. विद्यार्थीहरुको क्षमता विकासको लागि अन्तर मा.वि.स्तरीय क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

८२. प्रत्येक विद्यालयमा प्रत्येक साताको शुक्रबार अतिरिक्त क्रियाकलाप तथा खेलकुद अनिवार्य रुपमा संचालन गर्न लगाई विद्यार्थीको चौतर्फी विकासमा सहयोग पुर्याइनेछ ।खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई शिक्षकको कार्यसम्पादन मुल्यांकन संग आबद्ध गरिनेछ ।

८३. घोराही उप-महानगरपालिकाका सामुदायिक विद्यालयबाट उच्च अंक प्राप्त गरि प्राविधिक शिक्षा (डाक्टर,ईन्जिनियर) अध्ययन गर्ने उपमहानगरपालिकावासी मध्ये एम.बि.बि.एस तर्फ एक जना छात्र र एक जना छात्रा गरी दुई जनालाई जनही रु ५ लाखका दरले र ईन्जिनियरिङ तर्फ एक जना छात्र र एक जना

छात्रा गरी दुई जनालाई जनही रु ३ लाखका दरले प्रोत्साहन स्वरुप नगद पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

८४. उपमहानगरपालिका स्तरीय उप-मेयर कप महिला भलिबल प्रतियोगिताको आयोजना गरिनेछ ।

८५. घोराहीलाई आकर्षक खेलकुद स्थलको रुपमा विकास गर्न र परिचय दिलाउन आयोजक संस्थाहरु संग सहकार्य गरि विभिन्न खेलहरु आयोजना गरिनेछ। मेयरकप फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ ।

८६. **'मलाई बढ्न देउ विवाह होइन पढ्न देउ'** भन्ने नारा सहित विभिन्न शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।

८७. विद्यालय स्तरमा लागु औषध नियन्त्रण सम्वन्धि जनचेतना अभियान संचालन गरिनेछ ।

## महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण तथा सामाजिक समावेशीकरण

८८. आर्थिक रुपमा विपन्न महिला दलित, जनजाती, अल्पसंख्यक मुस्लिम, मुक्त कम्लहरी तथा पिछडिएका समुदायको क्षमता वृद्धि गर्दै आयआर्जन तथा विकासमा सहभागिता गराउन प्रत्येक वडाका महिलाहरुलाई सिपमुलक तालिम संचालन गरि समूहगत रुपमा बिउपुजी (Seed money)को रुपमा मेशिन औजार उपलब्ध गराई स्वरोजगार बनाइनेछ।

८९. नगरभित्र लैंगिक हिंसा प्रभावितका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम र अल्पकालिन आश्रयगृह (सेवाकेन्द्र) तथा राहत प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९०. दलित, मुस्लिम, पिछडा वर्ग, आदिवासी जनजाती समुदायमा अत्यधिक प्रचलनमा रहेको बालविवाह न्यूनिकरण गर्न "**बिहेवारी बिस वर्ष पारी**" भन्ने अभियान संचालन गरि ३५ दिन भित्र विवाह दर्ता गराएमा परिपक्व जोडीका रुपमा पुरस्कृत गरिनेछ ।

९१. बालश्रमिक राख्ने र पठाउनेको अभिलेख राखी सार्वजनिकिकरण गरि बालश्रम मुक्त नगर बनाउने अभियान सञ्चालन गरिनेछ ।

९२. सन २०२१ सम्म घोराही उपमहानगरपालिकालाई लैंगिक हिंसा नियन्त्रित नगरपालिका घोषणा गर्न लैंगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक एंव संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९३. 'एक वडा एक युवा क्लब' गठन गरिनेछ ।

९४. स्थानीय स्तरमा रहेको टोल विकास संस्था, महिला सहकारी संस्था, बालक्लब, बालसञ्जाल, किशोर किशोरी समूह सञ्जाल, युवा समूह, युवा सञ्जाल, एकल तथा लैगिक हिंसा प्रभावित महिला समूह तथा फरक क्षमता भएका व्यक्तिको क्षमता विकास, संस्थागत, संरचनागत विकासको नीति अवलम्बन गरिनेछ ।

९५. सन २०२१ सम्म घोराही उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न स्थानीय वालमैत्री शासन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९६. जेष्ठ नागरिकहरुलाई लक्षित गरी जेष्ठ नागरिकको संख्या बढी भएका वडाहरुमा क्रमश लागु हुने गरी जेष्ठ नागरिक दिवा सेवा केन्द्रलाई विस्तार गरिदै लगिने छ । जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य परिक्षण एंव परामर्शका लागि कम्तिमा दुई पटक विशेषज्ञ सहितको शिविर संचालन गरिनेछ ।

९७. जेष्ठ नागरिक परिचय पत्रका आधारमा प्राप्त हुने सेवा सुविधालाई प्रभावकारी बनाउन सरोकारवालाहरुसंग समन्वय गरी उचित कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

९८. अनाथ, जोखिममा रहेका तथा सडक बालबालिकाहरुको पुनःस्थापनाका लागि विशेष संरक्षणको निति अवलम्बन गरिनेछ ।

९९. अपांगता भएका व्यक्तिहरुको लगत संकलन गरी अभिलेख तयार गरिनेछ ।अपांगताको प्रकृती अनुसार क्षमता विकासको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

१००. घोराही उपमहानगरपालिकाको उपयुक्त स्थानमा कम्तिमा एक वटा बाल उद्यानकेन्द्र निर्माण गरिनेछ । साथै मौजुदा बालगृह आपतकालिन आश्रयगृह सञ्चालनको न्यूनतम मापदण्डलाई समयानुकुल सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१०१. गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरु अनिवार्य रुपमा नगर सभामा पेश गर्नु पर्ने नीति लिइनेछ ।गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रमहरुलाई दुर्गम वस्ती एंव पिछडिएका क्षेत्रहरुमा संचालन गर्न प्रोत्साहित गरिनेछ ।

## सरसफाई

१०२. "**हाम्रो घोराही हामी सफा राख्छौ** " भन्ने अभियानलाई आधारभूतस्तरको सरसफाई सुविधा सुनिश्चित हुने गरी टोल विकास संस्था लगायतका सरोकारबाला निकायसंग समन्वय गरी पूर्ण सरसफाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।पूर्ण सरसफाई अभियान सफल पार्न स्वच्छता वडा घोषणा गर्ने वडाहरुलाई पुरस्कृत गरिनेछ ।

१०३. घोराही नगर क्षेत्रमा कुनै पनि सवारी साधनबाट सडकमा कुनै किसिमको फोहर फाल्न नदिने कार्यलाई कडाईकासाथ लागु गरिनेछ ।

१०४. "**म बदलिनेछु मेरो नगर बदलिनेछ**" भन्ने नाराका साथ प्रत्येक टोल विकास संस्थामा मासिक रुपमा सरसफाई अभियान सञ्चालन गरी फोहर नगर्ने बानीको विकास गराइनेछ ।

१०५. फोहरजन्य पदार्थहरुको श्रोतमा बर्गिकरण गरी फोहरको मात्रा घटाउन गल्ने र नगल्ने फोहरजन्य पदार्थको पुन प्रयोग र पुनः प्रशोधन विधिलाई प्रभावकारी बनाइनेछ ।

१०६. ल्यान्डफिल साइटमा निर्माणाधिन बायोग्याँस प्लान्टलाई यथासक्य छिटो सम्पन्न गरी प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ ।

१०७. शुल्कमा आधारित फोहर ब्यवस्थापन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१०८. बिस्तारै प्रदुषित हुदै गएको कटुवा र सेवार खोलालाई निजी क्षेत्र, संघ संस्था, कार्यालय लगायत सबै क्षेत्रको सहभागितामा कटुवा र सेवार खोला सरसफाई अभियान सञ्चालन गरिनेछ ।

१०९. धार्मिक तथा पर्यटकीय क्षेत्रको सरसफाईमा स्थानीय समितिलाई जागरुक बनाउदै सरसफाई अभियान सञ्चालन गरिनेछ ।

११०. प्लाष्टिक, सिसा तथा कपडाजन्य फोहर बस्तुको उचित ब्यवस्थापन गरिनेछ ।

१११. सर सफाई कार्यमा उत्कृष्ट कार्य गर्ने टोल विकास संस्था, बिद्यालय, संघ संस्था र कर्मचारीलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

११२. सडक, नाली, सार्वजनिक र खुल्ला स्थानमा फोहर फाल्नेलाई कारवाही गरिनेछ ।सोको प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ ।

११३. औद्योगिक, हस्पिटलजन्य र रासायनिक फोहरको व्यवस्थापन सम्वन्धित पक्षले नै गर्नुपर्ने नीति लिइनेछ साथै सोको लागि आवश्यक सहजीकरण उपमहानगरपालिकाबाट गरिनेछ ।

११४. सडक डिभिजन कार्यालय, डिभिजन वन कार्यालय र सहयोगी सस्थांहरुसंग समन्वय गरी घोराही क्षेत्रभित्र पर्ने कृष्ण सेन मार्गको तुलसीपुरचोक देखि कटुवाखोला सम्म र घोराही प्यूठान सडक खण्डको नवलपुर टोलसम्म ग्रिनबेल्टमा हरियाली र सौन्दर्य प्रवर्धन गर्ने गरी उपयुक्त प्रजातीका विरुवाहरु लगाइनेछ

११५. ल्यान्डफिल्ड साइटमा फोहर ब्यवस्थापन गरि मैदानको रुपमा परिणत भएको स्थानमा हरियाली पार्क निर्माण गरि सौन्दर्यता बढाइनेछ ।

११६. मानिसहरुको बढी चहल पहल हुने स्थानमा नीजी क्षेत्रको सहकार्यमा सार्वजनिक शौचालय निर्माण र सञ्चालन गरिनेछ ।

११७. वडा तथा टोल विकास संस्थालाई नगरपालिकाबाट अनुदान तथा कार्यक्रम उपलब्ध गराउदा सरसफाई ब्यवस्थापनलाई प्रमुख सूचकको रुपमा हेरिनेछ ।

११८. "**फाल्ने छैनौ बाहिर फोहर, हुनेछ घोराही सफा शहर**" भन्ने नाराका साथ सरसफाई क्षेत्रका प्रत्येक घरधुरीलाई सफाई सम्बन्धी जागरणका साथै मुख्य सडकलाई सफा राख्नका लागि सरसफाई स्वयं सेवक ब्यवस्था मिलाइनेछ ।

## विपद व्यावस्थापन

११९. नगर भित्रका अति गरिब, विपन्न परिवारका घरहरुमा खरको छानो विस्थापन गर्न जोखिम सम्वेदनशिल क्षेत्रहरुबाट क्रमशः लागु हुने गरी खरको छानो मुक्त नगर घोषणा गर्नको लागि लागत सहभागितामा जस्तापाता वितरण गर्ने कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ ।

१२०. प्राकृतिक प्रकोपका हिसाबले जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी वातावरणीय सन्तुलन कायम राख्दै हरियाली प्रवर्द्धन गरिनेछ ।

१२१. बाढी तथा डुबानको जोखिममा रहेका स्थानहरु तथा वस्तीहरुको सुरक्षाका लागि संवेदनशील ठाँउहरुका नदी किनारामा तटबन्ध तथा तारजालीको कार्यक्रम संचालन गरिनेछ।

१२२. नगर क्षेत्रभित्रको विपद ब्यवस्थापन सम्बन्धि कार्यलाई प्रभावकारी बनाउन विपद् पूर्व सुचना प्रवाहको कार्यलाई विकास गरिनेछ। विपद व्यवस्थापनमा सहयोग गर्न आपतकालीन उद्दार टोली निर्माण गर्न आवश्यक तालिमको व्यवस्था गरिने छ ।

१२३. "**एक व्यक्ति एक विरुवा**" कार्यक्रमको सुरुवात गरि अभियानका रुपमा संचालन गर्न टोल विकास संस्थाहरुलाई सक्रिय रुपमा परिचालन गरिनेछ ।

१२४. नगरका सार्वजनिक स्थल तथा खुल्ला क्षेत्रको संरक्षण गरी हरियाली प्रवर्द्धन गरिनेछ ।

१२५. वातावरण प्रदुषित गर्ने इट्टा उद्योग, कत्था उद्योग, काष्ठ जन्य उद्योग आदिलाई व्यवस्थित गरिनेछ । भैरहेका सिमेन्ट उद्योगहरुलाई बातावरणमैत्री बनाउन पहल गरिनेछ। थप सिमेन्ट उद्योगको स्थापना अनुमति दिईने छैन ।

## न्याय तथा कानुनी मामिला

१२६. समाजमा हुने साना तिना विवादको अन्त्य गर्न र सभ्य समाज निर्माण गर्नको लागि वडा वडामा जति सक्दो मेलमिलाप कर्ता उत्पादन गर्दै विवादको निरुपण गर्ने र क्षमता वृद्धि गर्दै लगिनेछ ।

१२७. समाजमा भएका लैङ्गिक हिंसा न्यूनिकरण गर्न कानून कार्यान्वयन गर्न सरोकारवालाहरु संग छलफल, अन्तरक्रिया गरि अगाडि बढाइनेछ ।

१२८. छिटो न्यायको सिद्धान्त अनुसार मुद्दाहरु यथासक्य छिटो टुंग्याउने नीति लिई प्रभावकारी न्यायको प्रत्याभुति गरिनेछ ।

१२९. पुनःस्थापना भएका परिवारहरुमा पारिवारीक सुसम्बन्ध र सामाजिक सदभाव कायम गर्न निरन्तर अनुगमन गरि पारिवारीक र सामाजिक सुसम्बन्धलाई बढावा दिइनेछ।

१३०. न्यायिक समितिबाट सम्पादीत कार्यहरुको सार्वजनिकीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३१. घोराही उपमहानगरपालिका क्षेत्रभित्रका न्यायमा पहुँच नभएका पिडित, असहाय तथा अशक्तहरुलाई निशुल्क कानुनी सेवा प्रदान गर्न कानुनी सहायता कोष खडा गरिनेछ ।

## कृषि सेवा

१३२. किसानहरुलाई समयमा बिउँ-बिजन (धान, गंहू, मकै ) उपलब्ध गराई उत्पादकत्व वृद्धि गर्न ५० प्रतिशत अनुदानमा बिउँ-बिजन अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१३३. "**एक वडा एक उत्पादन**" कार्यक्रम अन्तर्गत उप-महानगर क्षेत्रका सबै वडाका लक्षित किसानहरुलाई प्रत्यक्ष असर देखिने गरी फलफूल, तरकारी, माछापालन, पशुपालन, मौरीपालन, कागती खेती, अन्न बाली लगायतका आयोजना छनोट गरी कार्यक्रम संचालन गरिनेछ ।

१३४. दश कट्टा क्षेत्रफल भन्दा बढी जग्गामा व्यवसायिक रुपमा फलफूल खेती गर्ने किसानलाई मागमा आधारित कार्यक्रम अन्तर्गत शत प्रतिशत अनुदानमा फलफूलका विरुवा, उपकरण (ड्रिल मेशिन) तथा निरन्तर प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१३५. उप-महानगरपालिका क्षेत्र भित्र निर्माण भएका जलाशयका छेउछाउमा ग्रिन हाउसको विकास गरी मत्स्यपालन, तरकारी खेती, फलफूल खेतीको व्यवस्था मिलाइनेछ ।

१३६. कृषि क्षेत्रको विकासको लागि बिउपुजी, यन्त्र उपकरण आदिमा दिदै आएको अनुदानलाई यथावत राखिनेछ ।

१३७. कृषि उपजमा भईरहेको अत्याधिक विषादीलाई न्यूनिकरण गरि उपभोक्तालाई विषादी रहित कृषि उपज उपलब्ध गराउन प्रयोगशाला परिक्षणको व्यवस्था गरिनेछ।

१३८. गाउँको उत्पादनलाई बजारिकरण गर्न हाटबजारलाई व्यवस्थित गरिनेछ ।हाटबजारमा स्थायी रुपमा कृषि तथा पशुजन्य उपज व्यवसाय गर्ने गरी स्थान कब्जा गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

१३९. कृषि तथा पशुपन्छी प्रयोगशाला स्थापनाका लागि अध्ययन अनुसन्धान कार्य अगाडी बढाइनेछ ।

१४०. निजी तथा सहकारी संस्थाहरुको सहकार्यमा शीत भण्डार उद्योग स्थापना गर्न आवश्यक पहल गरिनेछ ।

१४१. कृषि क्षेत्रको व्यवसायीकरण, गुणस्तर परीक्षण, विविधिकरण, आधुनिकीकरण, यान्त्रीकिकरण, ग्रामीण पूर्वाधार विकास र अनुगमनका माध्यमबाट उत्पादकत्व बृद्धि गरी कृषि उत्पादनलाई बाह्य बजारमा निर्यात गर्न सक्ने अवस्थामा पुर्याउन उपयुक्त प्रविधिको उपयोग गर्न सक्ने कृषक, युवा उद्यमीको क्षमता विकास गर्दै लगिनेछ ।

१४२. सम्भाव्य क्षेत्रहरुमा कम आयतन भएका उच्च मूल्यका वस्तुहरुको छनौट गरी उत्पादन वृद्धि गर्न प्रोत्साहन गरीने छ । साथै सम्भाव्यता हेरी मसला वाली तथा रैथाने वाली प्रवर्द्धनमा जोड दिइनेछ ।

१४३. यूवा तथा कृषक उद्यमीहरुलाई आवश्यक पर्ने ज्ञान सीप र लगानीको वातावरण सिर्जना गरी ग्रामीण पर्यटनको विकासमा यूवा तथा कृषक उद्यमीहरुलाई आकर्षित गरी कृषि पेशालाई सम्मानित बनाइनेछ ।

१४४. ग्रामिण क्षेत्रमा कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि सडक, विद्युत, सन्चार, थोक बजार सङ्कलन केन्द्र, खुद्रा बजार जस्ता पुर्वाधारहरुको विकास गरिनेछ।

१४५. कृषि विकासका कार्यक्रमहरुको तर्जुमा गर्दा भू-उपयोग नीतिको आधारमा उपलव्ध जमिनको अधिकतम उपयोग हुने गरी उत्पादन वृद्धिका कार्यक्रमहरु तर्जुमा गरिनेछ र बाँझो जमिन व्यावसायिक कृषि कार्यमा प्रयोग गर्नका लागि निजी उद्यमी समुह र सहकारी क्षेत्रको संलग्नता बढाउदै सामुहिक तथा करार खेतीलाई बढावा दिइनेछ ।

१४६. श्रोत तथा प्रमाणित विउ उत्पादन गर्ने सहकारी तथा निजी फार्म केन्द्रहरुको सुदृढिकरण गरी स्तरीय विउ उत्पादन गर्न वीज वृद्धि कार्यक्रम ल्याईनेछ ।

१४७. विषादीवाट मानव स्वास्थ्यमा हुने दूरगामी दुष्प्रभावलाई न्यून गर्न एकिकृत शत्रु जीव व्यवस्थापन प्रविधि अपनाई रसायनिक विषादीको प्रयोग कम गर्दै लगिने छ ।

१४८. विभिन्न वाली तथा वस्तुको व्यावसायिक उत्पादन हुने क्षेत्रलाई एकिकृत पकेट घोषणा गरी कृषकलाई एकिकृत सेवा सर्वसुलभ रुपमा प्रदान गरिनेछ ।खेती प्रणालीमा यान्त्रीकरण गर्नको लागि गह्रा सुधार कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

१४९. कृषि वन(बगैचा) विकास गर्नको लागि सामुदायिक वन उपभोक्ता समूह संग सहकार्य गरि आवश्यक कार्यक्रम अगाडी बढाइनेछ ।

१५०. निजि क्षेत्रसंगको सहकार्यमा उपमहानगर स्तरीय पुष्प नर्सरी तथा बगैचा संचालन गरिनेछ ।

१५१. निजि तथा सहकारी क्षेत्रसंगको सहकार्यमा माछाका भुरा उत्पादन गर्ने कार्यलाई अगाडी बढाइनेछ ।

## पशु सेवा

१५२. पशुपंक्षी व्यवसाय अन्तर्गत बाख्रा पालन, घाँस खेतीको पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संचालनमा ल्याईनेछ ।

१५३. कम्तिमा एक वडा एक समूह पर्ने गरि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार सूचीमा नाम दर्ता गराएका युवा युवतीले सामुहिक रुपमा कुखुरा पालन (स्थानीय, ब्रोइलर) व्यवसाय गर्न चाहेमा बिउपुजीका रुपमा एक पटकका लागि तीन सय (३००) चल्ला निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

१५४. उप-महानगरपालिकामा रहेका पशुपंक्षी उत्पादक कृषक समुह, सहकारी संस्था एवम् निजि उद्यमीहरुको प्रतिस्पर्धा क्षमता वृद्धि गर्दै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धी गर्न एकीकृत रुपमा प्राविधिक सेवा उपलब्ध गराउने तथा वित्तीय तथा अन्य सेवामा सहजीकरण गरिनेछ ।

१५५. पशुपंक्षीको नस्लसुधार, आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरण समानान्तर रुपमा अगाडी बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१५६. गाई, भैसीमा कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।कृत्रिम गर्भाधान सेवा पुग्न नसक्ने स्थानमा प्राकृतिक गर्भाधान सेवा विस्तार गर्न उन्नत नस्लका राँगा तथा बोकाहरु वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१५७. पशुपंक्षीको जात विशेषको नमुना उत्पादन, प्रशोधन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१५८. गुणस्तरीय पशु आहाराको उपलब्धता बढाउन चरन विकास, डालेघाँस, भुईघाँस उत्पादन, बिज वृद्धी कार्यक्रम सञ्चालन गर्नुका साथै कृषिजन्य उप-पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गरिनेछ ।

१५९. पशुपंक्षीमा लाग्ने रोगको रोकथामका लागि भ्याक्सिन भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी गरी पशुस्वास्थ्यको सुरक्षण गरिनेछ । ग्रामीण भेगमा सेवा प्रदान गरिरहेका पशु सेवा केन्द्रहरुको आधुनिकीकरण र स्तरोन्नती गरिनेछ ।

१६०. पशुपंक्षी पालक साना कृषक, मुक्त कम्लहरी कमैया तथा भूमिहीन विपन्न किसानलाई पशुपंक्षी पालन तथा पशुपंक्षीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ ।

१६१. युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपंक्षी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१६२. पशुपंक्षी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

१६३. दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न "**बधशालादेखि भान्सासम्म स्वच्छ र स्वस्थ मासु**" तथा "**गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दुध**" कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

१६४. उप-महानगरपालिकामा रैथाने घरपालुवा पशुपंक्षी तथा तिनका जङ्गली जातको अनुवांशिक स्रोत संरक्षण कार्यलाई उच्च प्राथमिकता दिँदै पशु आनुवांशिक स्रोत संरक्षण गरी मुल्य अभिवृद्धि भएको पशुजन्य उत्पादनमा जोड दिइनेछ।

१६५. पशुपंक्षीबाट सर्न सक्ने रोगहरुको रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन व्यापक जनचेतना अभिवृद्धिका साथै एक स्वास्थ्य अवधारणानुसार जनस्वास्थ्य संरक्षणमा सहयोग पुर्याइनेछ ।

## पर्यटन तथा संस्कृती प्रवर्धन

१६६. पर्यटकीय क्षेत्रको प्रचार प्रसारका लागि नगर क्षेत्रमा पर्यटन सूचना केन्द्रलाई प्रभावकारी बनाइनेछ ।

१६७. पर्यटन क्षेत्रको विकासका लागि सांस्कृतिक पर्यटन पूर्वाधारमा जोड दिनुका साथै जातीय अमुर्त संस्कृति एवं कृषि पर्यटनको क्षेत्रलाई संरक्षण तथा प्रवर्धन गरिनेछ ।

१६८. पर्यटन उद्योगलाई रोजगारी तथा आयआर्जनको आकर्षक क्षेत्रको रुपमा विकास र विस्तार गरिनेछ ।

१६९. पर्या-पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई वातावरणमैत्री बनाउन सिमसार क्षेत्रको संरक्षण, कृत्रिम जलासयको निर्माण तथा जैविक विविधताको अध्ययन र संरक्षण सम्बन्धी कार्य गरिनेछ ।

१७०. पर्यटन विकासका लागि सार्वजनिक, निजी, सहकारी तथा सामुदायिक क्षेत्रहरुसँग साझेदारी एवम् व्यवसायमा सहकार्य गर्ने तर्फ पहल गरिनेछ ।

१७१. स्थानीय समुदायसँग सहकार्य गरी कम्तिमा १ वटा होमस्टे संचालनमा ल्याइनेछ ।

१७२. घोराही-३, चौपट्टामा पर्यटकीय उद्दानको निर्माणका लागि अध्ययन गरिनेछ । घोराही लमही सडकखण्डमा घोराही-लमही सिमामा स्वागत द्वार निर्माण गरिनेछ ।

१७३. बबई सभ्यतालाई उजागर गर्न बबई नदिको (सरयु) मुहानमा जलाशय निर्माणका लागि अध्ययन अनुसन्धानको आबश्यक व्यवस्था मिलाइनेछ ।

१७४. भाषा, साहित्य, कला संस्कृतिको संरक्षण, सम्वर्द्धन गर्दै संस्थागत क्षमता विकासमा जोड दिइनेछ ।

१७५. नेपाल सरकारको आह्वान अनुसार नेपाल भ्रमण वर्ष सन् २०२० का सन्दर्भमा सरोकारवालासँग सहकार्य गरी घोराही भ्रमण वर्ष सन् २०२० सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

### उपभोक्ता हित संरक्षण

१७६. उपभोक्ता हित सम्बन्धी चेतनामुलक कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

१७७. बजार अनुगमन कार्यलाई नियमितता र निरन्तरता दिइनेछ ।

१७८. उपभोक्ता हित सम्बन्धी चेतनामूलक सन्देशहरु प्रचार प्रसार गर्नुका साथै सञ्चार माध्यमबाट प्रसारणको व्यवस्था गरिनेछ ।

१७९. बजार अनुगमन तथा उपभोक्ता हितसँग सम्बन्धित विषयमा सरोकारवाला पक्षसँग छलफल तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरुको व्यवस्था मिलाइनेछ ।

१८०. बजार व्यवस्थापनमा प्रभावकारिता ल्याउन विषयगत उप समितिहरुको व्यवस्था गरी प्रभावकारी बनाइनेछ ।

१८१. उपभोक्ता हित सम्बन्धी क्रियाकलापलाई बजार व्यवस्थापनसँग समन्वय गरी अगाडि बढाउन सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।

१८२. खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय संगको सहकार्यमा खाद्य वस्तुको गुणस्तर परिक्षण कार्यको शुरुवात गरिनेछ ।

१८३. **“सफा र स्वच्छ आहार दीर्घ जीवनको आधार”** भने झैं होटल,चियानास्ता पसल,मिठाई पसल, पानीपुरी चाट पसल लगायतबाट बिक्री वितरण हुने खाद्य सामाग्री खुल्ला रुपमा राखी विक्री वितरण गर्ने कार्यलाई पूर्ण रुपमा रोक लगाइ गुणस्तर र स्वच्छता कायम गरिनेछ ।

### सहकारी तथा रोजगार प्रवर्द्धन

१८४. साविक डिभिजन सहकारी कार्यालयमा दर्ता भई घोराही उपमहानगर कार्यपालिकाको कार्यालयमा हस्तानतरण भएका सहकारी संघ संस्थाहरुको अभिलेखीकरण गरि सहकारी संघ/संस्थाहरुको अनुगमन तथा निरीक्षण कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

१८५. सहकारी संस्थाहरुको संख्यात्मक बृद्धि गर्नु भन्दा गुणात्मक विकासलाई ध्यान दिईनेछ ।एकीकरण सम्बन्धी कार्यलाई प्रोत्साहन दिइनेछ ।

१८६. सहकारीको संघीय ऐन २०७४, नियमावली २०७५, घोराही उपमहानगरपालिकाको सहकारी ऐन, २०७४मा व्यवस्था गरिएका नबीनतम प्रावधानहरु सहकारी संघ/संस्थासम्म पुर्याउन कार्यक्रमहरु संचालन गरिनेछ ।

१८७. **"पारदर्शी सीप र प्रविधियुक्त सहकारी नगरवासीको गाउँ टोलमा रोजगारी"** भन्ने नारालाइ सार्थक तुल्याउन सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिसःCOPOMIS) लगायत सहकारी संस्थाहरुको क्षमता अभिबृद्धि गर्न कार्यक्रम अगाडि बढाइनेछ ।

१८८. सामी परियोजनाको सहकार्यमा वैदेशिक रोजगारमा जाने युवा,युवतीका लागि जनचेतना लगायत विशेष कार्यक्रम संचालन गरिनेछ ।

## सूचना तथा संचार प्रविधि

१८९. घोराही उपमहानगरपालिकाका सबै वडा स्तरमा इन्टरनेट सुविधाको विस्तार गरी विद्युतीय सुशासनको अवधारणा अनुसारको कार्यलाई निरन्तरता दिइनेछ ।

१९०. सूचनाको पहुँच विस्तार गर्न आवश्यक सफ्टवेयर लगायतका विद्युतीय पूर्वाधारहरुको विकास गरिनेछ ।

१९१. घोराही उपमहानगरपालिकाका सूचनाहरु जनस्तरमा सहज तरिकाले पुर्याउन सूचना केन्द्र व्यवस्थित गर्नुका साथै website, mobile app, Digital सूचना बोर्ड लगायत विभिन्न सामाजिक सञ्जालहरु मार्फत समेत प्रदान गरिनेछ ।

१९२. घोराही उपमहानगरपालिकाबाट प्रकाशित हुने प्रकाशनहरु नगरसभाबाट पारित कामकाजको भाषामा समेत प्रकाशन गरिनेछ ।

१९३. नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुबाट प्रदान गरिने सेवाहरुलाई पूर्णतः कम्पयुटरकृत गरिनेछ ।

१९४. निजी क्षेत्र संगको सहकार्यमा सूचनाको हक सम्बन्धी कानूनलाई जनस्तर सम्म पुर्याइ प्रभावकारी बनाइनेछ ।

१९५. सूचना प्रविधि स्रोतहरुको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई गुणस्तरीय र पारदर्शी बनाउनुका साथै सूचना प्रविधि मैत्रि स्थानीय सरकारको अवधारणा अपनाइनेछ ।

१९६. खोज पत्राकारिता लगायत तालिम संचालन गरी पत्राकारहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

१९७. विकास पत्रकारितालाई प्रोत्साहन गर्न लेखनवृत्ती र बुलेटिन प्रकाशनको काम गरिनेछ

१९८. घोराही उपमहानगरपालिकाको आवधिक योजना बनाइनेछ ।

१९९. घोराही उपमहानगरपालिकामा सञ्चालित योजना तथा कार्यक्रमको गुणस्तरीयता र प्रभावकारिता अभिवृद्धि गर्न नियमित अनुगमन गरिने छ । अनुगमन टोलीमा विषयविज्ञ शाखाहरुलाई समावेश गरिनेछ ।

२००. अनुगमनलाई प्रभावकारी बनाउन GPS mapping प्रणाली अवलम्बन गरिनेछ ।

२०१. बजार व्यवस्थापन (सुरक्षा, अपारिधिक गतिविधि आदि)को लागि मुख्य स्थानहरुमा CCTV Camera जडान गरिनेछ।

## राजश्व परिचालन

२०२. करको दायरा बढाउन र बढिभन्दा बढि व्यवसायीहरुलाई कर बुझाउन प्रोत्साहित गर्ने गरि घोराही उपमहानगरपालिकामा विविध कार्यक्रम सहित कर जागरण कार्यक्रम गर्न तथा राजश्व संकलन कार्यलाई व्यवस्थित गरी वडा कार्यालयहरुबाट कर ,शुल्क, दस्तुर अशुल गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२०३. टोल विकास संस्थाहरु संगको सहकार्यमा घर जग्गा बहाल कर,व्यवसाय कर र सरसफाई शुल्क असुली कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

२०४. नगर सभाद्वारा तोकिएको कर असोज मसान्त भित्र बुझाउने करदातालाई सम्पत्ति कर, घर जग्गा वहाल कर, पेशा व्यवसाय करमा लाग्ने राजश्वमा १० प्रतिशत छुट दिइने छ । चालु आ.व.को असार मसान्त सम्म कर नबुझाई बक्यौता कायम हुन आएमा वक्यौता कायम हुन आएको आ.व.बाट प्रत्येक वर्ष थप १० प्रतिशत का दरले बिलम्ब जरिवाना जोडी बक्यौता समेत असुली गरिनेछ ।

२०५. अटो रिक्सा, इ रिक्सा र ठेलागाडा दर्ता नविकरण प्रकृयालाई व्यवस्थित गरिने छ । चालु आ.व.को असोज मसान्त सम्म दर्ता नविकरण गराउनेलाई १० प्रतिशत छुट दिइनेछ । आ.व.को अन्त सम्म नआई बक्यौता कायम हुन आएमा १० प्रतिशत जरिवाना गरि नविकरण गरिनेछ ।

२०६. पेशा व्यवसाय कर लिदा एउटै फर्मका फरक फरक प्रकृतिका व्यवसाय गरेको हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतिका व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर संकलन गरिनेछ ।

२०७. घोराही उपमहानगरपालिकाका सबै वडाहरुबाट राजश्व संकलन लगायतका कामहरु सम्पादन भइरहेकोले वडामा संकलन हुने राजश्व वडालाई पायक पर्ने बैकमा खाता खोली दैनिक रुपमा जम्मा गर्ने व्यवस्था मिलाइने छ ।

२०८. वडाबाट संकलन हुने राजश्वलाई उपमहानगरपालिकाको केन्द्रीकृत प्रणालीमा आबद्ध गराउने कार्यलाई थप व्यवस्थित बनाइनेछ ।सहज रुपमा राजश्व संकलन कार्य गर्नका लागि इन्टरनेट ब्राउजर मार्फत संचालन गर्न सकिने व्यवस्थापन सूचना प्रणालीमा आधारित उपयुक्त पूर्णतः अनलाईन राजश्व संकलन प्रणालीको प्रयोग गरिनेछ ।

२०९. सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई राजश्वको आधार फराकिलो बनाउन तथा स्थानीय सरकारलाइ **"करले होइन रहरले कर तिरौ"** भन्ने नारा सहित कर शिक्षा जागरण कार्यक्रम सबै वडा स्तरमा अभियानको रुपमा संचालन गरिनेछ ।

२१०. लघु उद्यमको परिभाषा भित्र पर्ने लघु उद्यम व्यवसायको दर्ता निःशुल्क गरिनेछ ।महिला तथा अपांगता भएका व्यक्ति प्रोपाइटर रहने गरी दर्ता हुने व्यवसाय दर्ता गर्दा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिइनेछ ।

२११. हरेक वर्ष नियमित रुपमा सबै भन्दा धेरै कर बुझाउने तीन जना उत्कृष्ट करदातालाई सम्मान गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ ।

२१२. प्रत्येक वडाबाट संकलन हुने राजश्वको लक्ष्य निर्धारण गरिनेछ । वडालाई तोकिएको लक्ष्य भन्दा जति बढी राजश्व संकलन हुन्छ त्यसको २० प्रतिशतले हुन आउने रकम बराबरको योजना/कार्यक्रम सम्बन्धित वडालाई प्रोत्साहन स्वरुप अनुदानको रुपमा दिइनेछ ।

२१३. नगर क्षेत्रभित्रका केहि मुख्य सडकहरुमा सडक मर्मत सम्भारका लागि स्थानीय पूर्वाधार उपयोग सेवा शुल्क लगाउने नीतिलाई निरन्तरता दिइनेछ ।

२१४. घोराही उपमहानगरपालिका भित्र संचालनमा रहेका एफ.एम., रेडियोहरु संग लिइरहेको करको दरमा ३० प्रतिशत छुट दिइनेछ ।

## सुशासन

२१५. घोराही उप-महानगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन तथा योजना तथा कार्यक्रम तोकिएकै समय, लागत, परिमाण र गुण्स्तरमा सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतले महाशाखा तथा शाखा प्रमुख संग कार्यसम्पादन करार सम्झौता गरि काम प्रति थप जिम्मेवार र जवाफदेही बनाउने प्रणालीलाई अबलम्बन गरिनेछ ।कार्य सम्पादन करार सम्झौतालाई क्रमशः तल्लो तहसम्म लागु गरिनेछ ।सम्झौतालाई कर्मचारीको सुविधा र वृत्ति विकास संग आबद्ध गरिनेछ ।

२१६. बजार व्यवस्थापन लगायत कार्यमा सहयोग गर्न नगर प्रहरी गठन तथा संचालन सम्बन्धी कानून तर्जुमा गरि जनशक्ति(नगर प्रहरी) आपूर्ति गरिनेछ ।

२१७. घर नक्सा पास प्रणालीलाई व्यवस्थित तथा सेवा प्रवाहलाई चुस्त-दुरुस्त र प्रभावकारी बनाउनको लागि भवन अनुमती तथा मापदण्ड कार्यान्वयन शाखामा आवश्यक पर्ने जनशक्ती आपूर्ति गरिनुका साथै अन्य आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ ।संघीय सरकारको सहकार्यमा विद्युतीय घर नक्सा प्रणाली लागु गर्न अध्ययन कार्यलाई अगाडि बढाइनेछ ।अभिलेख भएका घरहरु राष्ट्रिय भवन संहिता अनुरुप प्रबलिकरण गर्नका लागि  सेवाग्राहीलाई घरनक्सा पास निःशुल्क गरिनेछ ।

२१८. हेल्प डेस्क, डिजिटल सूचना पाटी, गुनासो पेटिकालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीबाट गुनासो सम्बोधन र सूचना प्रवाह गर्ने व्यवस्थालाई प्रभावकारी बनाइनेछ । सार्वजनिक सुनवाई, सामाजिक परिक्षणका माध्यमबाट सार्वजनिक सेवा र काम कारवाहीमा पारदर्शिता र गुण्स्तरियता कायम गर्ने कार्यलाई थप सशक्त बनाइनेछ ।

२१९. कार्यालयको आय-व्यय विवरण तथा प्रतिवेदनहरु मासिक, चौमासिक र वार्षिक रुपमा वेभसाइट मार्फत सार्वजनिकिकरण गरिनेछ ।

२२०. निर्धारित समयमा कार्यालयमा उपस्थित नहुने, कार्यालय समय अगावै कार्यालय छाड्ने ,नेपाल सरकारले निर्धारण गरेको पोशाक नलगाई कार्यालयमा उपस्थित हुने, खाजा समय बाहेक शाखा प्रमुखको जानकारी बिना कार्यकक्ष छाड्ने, राष्ट्रसेवकले पालना गर्नुपर्ने आचरण विपरित कार्य गर्ने कर्मचारीहरुको अभिलेख राखि वार्षिक मुल्यांकन तथा वृत्ती विकास संग आबद्ध गरिनेछ ।

२२१. छिमेकी तथा अन्य मित्र राष्ट्रका नगरपालिकाहरु संग भगिनी सम्बन्ध कायम गर्न पहल गरिनेछ ।

२२२. कर्मचारीलाई समयसापेक्ष तालिमको व्यवस्था गरि क्षमता अभिवृद्धि गरिनेछ ।

२२३. साविक स्थानीय निकायमा नियुक्ति भई हाल स्थानीय तहमा समायोजन भएका कर्मचारीको वृत्ति विकासको लागि संघ र प्रदेश सरकारको समन्वयमा आवश्यक व्यवस्था मिलाइनेछ ।

### पंजिकरण

२२४. व्यक्तिगत घटना दर्ता अनलाईन प्रणाली मार्फत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।व्यक्तिगत घटना दर्ता समयमा गराउन जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

### नगर सभाका सदस्यज्यूहरु,

घोराही उपमहानगरपालिकाको यो नीति तथा कार्यक्रमले विकासका प्राथमिकता र बजेट तर्जुमाका आधार तय गरेको छ। यो नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रत्यक्ष रुपमा सहयोग गर्नु हुने घोराही उपमहानगरपालिकाका उप-प्रमुख तथा कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु, नगरका सल्लाहकारहरु, राजनीतिक दलका नेताहरु, उद्योग वाणिज्य संघ तथा व्यापार क्षेत्रका प्रतिष्ठित व्यक्तिहरु, विषयगत विज्ञहरु, नागरिक समाजका विभिन्न महानुभावहरु र संचारकर्मीहरुबाट प्राप्त सुझाव र सहयोगका लागि हृदयदेखि धन्यवाद दिन चाहन्छु। यसै गरी यस नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न सबैको साथ सहयोग र विश्वास प्राप्त हुने अपेक्षा सहित मेरो सम्बोधन यही अन्त गर्दछु।

धन्यवाद।

मितिः २०७६ जेष्ठ ३२ गते शनिवार।